संघीय संसद

राष्ट्रिय सभा

राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १११

मिति २०७९/०२/३०

समयः दिनको ०१: ०० बजे

प्रारम्भः दिनको ०१: १० बजे

अन्त्यः दिनको २: ४५ बजे

## छलफल तथा निर्णय :-

राष्ट्रिय सरोकार तथा समन्वय समितिको आजको बैठकमा निर्वाचनमा महिला प्रतिनिधित्वको सन्दर्भमा माननीय प्रमुख निर्वाचन आयुक्त ज्यू, माननीय निर्वाचन आयुक्त ज्यू तथा निर्वाचन आयोगका सचिव सँगको छलफल पश्चात देहाय बमोजिम निर्णय भयो ।

१.निकट भविष्यमा सम्पन्न गर्नुपर्ने प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचनका साथै आगामी निर्वाचनहरुमा संविधानको धारा ३८ (४) बमोजिम महिला सहभागिता सुनिश्चीत हुने गरी निर्वाचन सम्बन्धी कानूनहरू निर्माण गर्न/ संशोधन गर्न र निर्वाचन प्रणालीमा सुधारका प्रकृया अबिलम्व अगाडि वढाउन नेपाल सरकार र निर्वाचन आयोगलाई निर्देशन दिने ।

२.आगामी प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचनमा E-Voting System वाट निर्वाचन सम्पन्न गर्न सकिने स्थानहरुको अध्ययन गरी उक्त स्थानहरूमा E–Voting System वाटै निर्वाचन गर्ने व्यबस्था मिलाउन र त्यस्ता स्थानहरूको दायरा आगामी निर्वाचनहरूमा क्रमश विस्तार गर्दै पूर्ण रूपामा E–Voting System मा जाने नीति अख्तीयार गर्न निर्वाचन आयोग लाई निर्देशन दिने ।

३. समितिको अर्को बैठक मिति २०७९/०२/३१ गते दिनको ३:०० वजे बस्ने गरि आजको बैठक अन्त्य भयो ।